# मनहरी गाउँपालिकाको
# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

## मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रजैया, मकवानपुर

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।०४।१६
प्रमाणित मिति: २०८०।०४।१६

मनहरी गाउँपालिकाको

नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना :**

गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका एवं गाउँ क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, गाउँ कार्यपालिकाका निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्दारको कार्य गर्न, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धी कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) (१) मा उल्लेख भएको नगर प्रहरी सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मनहरी गाउँ कार्यपालिकाले यो "मनहरी गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" तर्जुमा गरी जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यवधिको नाम "मनहरी गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले मनहरी गाउँपालिका सम्झनु पर्दछ ।

ग) "सभा" भन्नाले मनहरी गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

घ) "गाउँ कार्यपालिका" भन्नाले मनहरी गाउँ कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

ङ) "अध्यक्ष" भन्नाले मनहरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मनहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) "नगर प्रहरी प्रमुख" भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी कर्मचारी भन्ने सम्झनु पर्दछ । यस शब्दले नगर प्रहरी प्रमुख नियुक्त नभएसम्म नगर प्रहरी कर्मचारीको कमाण्ड गर्ने हवल्दार वा सिनियर प्रहरी जवानलाई समेत जनाउनेछ ।

(ज) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत, जवान र सुरक्षा गार्डको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले दफा १२ बमोजिमको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(ञ) "सेवा करार" भन्नाले यस कार्यविधि बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२
## नगर प्रहरीको क्षेत्राधिकार, सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरीको क्षेत्राधिकार : (१)** नगर प्रहरी कर्मचारीको क्षेत्राधिकार प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम मनहरी गाउँपालिका भित्र मात्र रहनेछ ।

**४. नगर प्रहरी सेवाको गठनः** गाउँपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ । नगर प्रहरी सेवाका विभिन्न पदहरु, विभिन्न पद अन्तरगत रहने प्रहरी कर्मचारीहरुको दरवन्दी संख्या र पदपूर्ति सम्वन्धी व्यवस्था यो कार्यविधि अनुसार हुनेछ ।

**५. गाउँपालिकामा रहने नगर प्रहरी कर्मचारीको पद :** (१) गाउँपालिकाको जनसंख्या समेतलाई आधार मानी कम्तिमा पाँच हजार जनसंख्यालाई एक जना नगर प्रहरी हुने गरी स्थायी रुपमा दरबन्दी स्वीकृत नहुन्जेल गाउँपाललिकामा रहने नगर प्रहरी कर्मचारीको पद देहाय अनुसार हुनेछ । नगर प्रहरी सेवालाई समावेशी बनाउन कम्तिमा ३० प्रतिशत पदमा महिला प्रहरीको लागि विज्ञापन गर्नुपर्नेछ ।

(क) नगर प्रहरी सहायक निरीक्षक -१

(ख) नगर प्रहरी हवल्दार -२

(गा) नगर प्रहरी जवान -७

(२) उप-दफा (१) अनुसारका पदहरु मध्ये आवश्यकता अनुसारका पदहरु र ती पद अन्तर्गत रहने नगर प्रहरी कर्मचारीको स्थायी दरवन्दी र संख्या गाउँसभाको अधिवेशनले स्वीकृत गर्नेछ । सेवा करारमा पदपूर्ति गर्दा माथि उल्लेखित संख्यामा विज्ञापन गर्न सकिनेछ ।

(३) उप-दफा (२) बमोजिम स्वीकृत दरवन्दी मध्ये रिक्त भएको पदमा यो कार्यविधि तथा गाउँपालिकाको प्रचलित कानून बमोजिम पदपूर्ति गर्दा दफा १० बमोजिम पदपूर्ति गरिनेछ ।

(४) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरणमा उक्त पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरिनेछ ।

(५) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार यसै कार्यविधिमा व्यवस्था गरिएअनुसार हुनेछ ।

## परिच्छेद ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**६. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :** (१) नगर प्रहरी कर्मचारीहरु हमेशा आफ्नो ड्युटीमा रहेको मानिनेछ । निजलाई जुनसुकै बखत पनि काममा लगाउन सक्नेछ ।

(२) नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) सार्वजनिक आवागमनमा बाधा अवरोध पुग्याई राखिएका निर्माण सामग्रीहरु त्यस्ता पसल/व्यवसायबाट हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने, अटेर गर्नेलाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने ।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने । निर्माण वा अतिक्रमण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, आदेश अनुसार गर्ने गराउने ।

(घ) गाउँपालिका क्षेत्र भित्र कसैले भवन निर्माण गर्दा अनियमित ढंगले निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सा पासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिई भत्काउने आदेश भएमा आदेशानुसार गर्ने गराउने ।

(ङ) छाडा पशु चौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुन नसकेका छाडा पशुचौपाया गाउँपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने, गराउने ।

(च) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सढेगलेको खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडेगलेको हानिकारक वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहरिएमा नियमानुसार जरिवाना गर्न वा पसल वन्द गर्न, गराउन राय साथ पेश गर्ने ।

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षीको मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने र नियमानुसार कारवाहीका लागि राय सहित पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्बन्धी कार्य गर्ने । बेवारिस, मरेका पशुपंक्षीको समयमै उचित व्यवस्थापन गर्न लगाउने ।

(झ) सडक आवागमन वा सर्व साधारणको लागि खतरा देखिएका रुखहरु काट्न लगाउने । जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गरी आदेशानुसार गर्ने गराउने ।

(ञ) वडा समिति, टोल विकास संस्था वा अन्य सामाजिक संघ संस्था र सुरक्षा निकायसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(ट) गाउँ कार्यपालिका, विभिन्न समिति, उप-समिति विभाग तथा शाखाहरुबाट लागु हुने नीति नियम, निर्णय, मापदण्ड र गाउँपालिकाको विद्यमान कानून कार्यान्वयन गर्ने ।

(ठ) गाउँपालिका क्षेत्रमा सु-व्यवस्था कायम गर्ने, गाउँपालिकाको चल अचल सम्पति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ड) गाउँपालिका क्षेत्रमा इजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा सम्बन्धित निकायबाट पेशा/व्यवसायको दर्ता नविकरण गर्न लगाउने । त्यस्ता पेशा/व्यवसाय गाउँपालिकामा दर्ता भए नभएको र दर्ता भए पनि नविकरण भए नभएका हेरी दर्ता वा नविकरण गर्न लगाउने ।

(ढ) गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई कारवाही गर्ने ।

(ण) विना इजाजत व्यानर, होडिङ्ग बोर्ड ग्लोबोर्ड लगाएतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने ।

(त) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रमहरुमा सुरक्षा प्रदान गर्ने र तोकिए बमोजिम गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(थ) नापतौलका सामग्रीको चेक जाँच गर्ने, पसल/व्यवसाय स्थलमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने ।

(द) होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यावसायमा हुने गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप सञ्चालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्ने ।

(ध) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास-जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने । अनुमति विना जादु, सर्कस र आर्थिक संकलन गर्ने प्रकृतिका विभिन्न खेलहरु सञ्चालन गर्न नदिने ।

(न) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा आएका अस्थायी प्रकृतिका बजारहरुको रेखदेख गर्ने, ब्यापारीहरुको लगत राख्ने ।

(प) अरुलाई बाधा पर्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(फ) ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुने कारणले सार्वजनिक रुपमा बाधा. पुग्ने गरी उद्योग धन्दा, व्यापार, व्यवसाय वा अन्य कुने किसिमको कार्यक्रम सञ्चालन गर्न वा सार्वजनिक रुपमा बाधा पुग्ने गरी व्यक्ति बिशेषले कुने कार्य गर्न रोक लगाउने । कुनै उद्योग व्यपार व्यवसाय वा व्यक्तिले कुनै कार्य गर्दा प्रदुषण उत्पन्न भएमा त्यसलाई नियन्त्रण गर्न लगाउने ।

(ब) पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(भ) गाउँपालिका क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी राख्ने र अनुगमन गर्ने ।

(म) दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राख्नको लागि दमकल कर्मचारीलाई आवश्यक सहयोग पुऱ्याउने ।

(य) विपद, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त परिचालित हुने ।

(र) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(ल) माथि उल्लेखित खण्ड (र) बमोजिमका शाखा, आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलव्ध गराउने ।

(व) न्यायिक समितिले आदेश गरे बमोजिम सम्बन्धित पक्षहरु कहाँ म्याद तामेली गर्ने र पूर्जी, सूचना बुझाउने ।

(श) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(घ) गाउँपालिकाको सुरक्षा गर्ने, पालोपहरा दिने ।

(स) गाउँपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा नगर प्रहरी कर्मचारीले स्थानीय प्रहरीसँग समन्वय गरेर कार्य गर्नु पर्नेछ ।

(३) नगर प्रहरी कमर्चारीको कार्य विवरण तयार गर्दा उपदफा (१) अन्तरगत उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ ।

(४) यस दफा बमोजिम नगर प्रहरी कर्मचारीले कारबाही गर्दा असुल गर्ने जरिवाना रकम तथा कुनै सामग्री हटाउँदा लागेको खर्च अशुल सम्बन्धी व्यवस्था आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## दरवन्दी सिर्जना र पदपूर्ती सम्वन्धी व्यवस्था

**७. पद तथा दरवन्दी सिर्जना सम्वन्धी व्यवस्था :** (१) गाउँपालिकामा रहने नगर प्रहरीको स्थायी पद/तह तथा दरवन्दीको श्रृजना O &M गरेर मात्र गर्न सकिनेछ ।

(२) स्थायी दरवन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीबाट थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी सभाको अधिवेशन समक्ष पेश गर्नु पर्नेछ ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागू हुनु भन्दा अगाडि गाउँसभाबाट स्वीकृत भएका नगर प्रहरी तथा सुरक्षा गार्डका दरबन्दीहरु यसै कार्यविधि अनुसार स्वीकृत दरबन्दी मानिने छन् । नगर प्रहरीको कुल दरबन्दी कायम गर्दा सुरक्षा गार्डको रुपमा राखिने कर्मचारीको दरबन्दीलाई समेत समावेश गरी कायम गरिनेछ ।

**८. नगर प्रहरी कर्मचारीको शुरु नियुक्ति हुने पदहरु :** स्थायी रुपमा पदपूर्ति गर्दा नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवानका पदहरुमा दफा १० बमोजिम खुला प्रक्रियाद्वारा पूर्ति गरिनेछ । अन्य पदहरुमा आन्तरिक मूल्याङ्कनद्वारा पदपूर्ति गरिनेछ ।

**९, नियुक्ति गर्ने अधिकारी :** नगर प्रहरी कर्मचारी छनौट तथा सिफारिस समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछन् ।

**१०. पदपूर्ती गर्ने तरिका :** १) नगर प्रहरी कर्मचारीको पदपूर्ती देहाय बमोजिम गरिनेछ ।

| क्र.सं. | पद | खुल्ला प्रक्रियाद्धारा | आन्तरिक मूल्याङ्कनद्धारा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरीक्षक | १००% | – | १००% | |
| २ | नगर प्रहरी हवल्दार | – | १००% | १००% | |
| ३ | नगर प्रहरी जवान | १००% | – | १००% | |

तर यस दफा जुनसुकै कुरा उल्लेख भएको भएतापनि स्थानीय कर्मचारी सम्बन्धी कानून नबनेको अवस्थामा नगर प्रहरी हवल्दारको पदपूर्ति गर्नुपर्ने आवश्यकता महशुस भएमा गाउँ कार्यपालिकाले नगर प्रहरी कर्मचारीहरुको कुल दरबन्दीमा नबढने गरी गाउँपालिकामा हाल कार्यरत नगर प्रहरी कर्मचारीहरु मध्येबाट कार्य अनुभव, योग्यता, कार्यक्षमता, नेतृत्व गर्न सक्ने क्षमताको आधारमा नगर प्रहरी जवानलाई नगर प्रहरी हवल्दारको पदमा नियुक्त गर्न सिफारिस गर्न सक्नेछ ।

खुल्ला प्रक्रियाद्वारा पदपूर्ति गर्दा, नगर प्रहरीलाई समावेशी वनाउन यथासम्भव प्रयत्न गरिनेछ ।

**११. खुल्ला प्रक्रियाद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यता :** नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी जवान तथा नगर प्रहरी हवल्दारमा दरखास्त दिनको लागि देहाय बमोजिम योग्यता आवश्यक पर्नेछ:

(१) नगर प्रहरी सहायक निरीक्षक पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ ।

(क) दरखास्त आह्वान भएको सालको बैशाख १ गते १८ वर्ष उमेर पुरा भएको र ४० वर्ष ननाघेको । तर प्रहरी, सेना वा अन्य स्थानीय तहबाट नगर प्रहरीको सेवाबाट अवकाश भएको कर्मचारीको हकमा ४५ बर्ष ननाघेको ।

(ख) बाह्र कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुने फौजदारी अभियोगमा सजाँय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

**२) नगर प्रहरी जवानमा खुला प्रक्रियाद्वारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनुसार हुनेछ ।**

क) दरखास्त दिने सालको बैशाख १ गते १८ वर्ष उमेर पूरा भएको ३५ वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा आठ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुने फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) महिलाहरुको लागि घाटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

झ) नगर प्रहरी हवल्दारको लागि माथिका योग्यताको साथै नेपाल प्रहरी वा सशस्त्र प्रहरी वा नेपाली सेना वा नगर प्रहरीको पदमा यस अघि कम्तिमा पाँच बर्ष सेवा गरेको प्रमाण भएको र योग्यता कायम गर्दा एस.एल.सी वा सो सरहको परीक्षा उतिर्ण गरेको ।

**१२. पदपूर्ति समिति :** नगर प्रहरी कर्मचारीको पदपूर्तिको लागि देहाय बमोजिम पदपूर्ति समिति रहनेछ ।

क. संयोजक: इलाका प्रहरी कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी

ख. सदस्य: सशस्त्र प्रहरी बेस क्याम्पका प्रतिनिधि

ग. सदस्य: नगर प्रहरी सेवा सञ्चालनमा रहेको स्थानीय तहले तोकेको स्थानीय तहको नगर प्रहरी

घ. सदस्य: मनहरी अस्पतालका स्वास्थ्यक्रर्मी प्रतिनिधि

ङ. सदस्य सचिव: प्रशासन शाखाका प्रुमख वा निजले तोकेको शाखाका कर्मचारी

**१३. पदपूर्ति समितिको काम कर्तव्य र अधिकार :** (१) समितिको बैठक बसी सेवा करारमा पदपूर्तिको लागि कम्तिमा ७ दिन र बढीमा १५ दिनको दरखास्त आव्हानको सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ ।

(२) सूचना बमोजिम पर्न आएको दरखास्त छानविन गरी शारीरिक तथा शैक्षिक योग्यता, उमेर आवश्यक कागजात तथा परीक्षा शुल्क समेत संलग्न भए नभएको विचार गरी छोटो सूचि प्रकाशन गर्नु पर्नेछ । यस अघि नेपाल प्रहरीद्वारा म्यादी प्रहरीमा छनौट भइसकेका उम्मेद्वारलाई अनिवार्य छनौट गर्नुपर्नछ ।

१४. योग्य उम्मेद्वार छनौटको लागि अंक विभाजनः (१) छोटो सूचिमा छनौट भएका उम्मेद्वारहरु मध्ये देहाय बमोजिम देहाय बमोजम १३० अंक पूर्णाङ्क कायम गरी योग्य उम्मेद्वार छनौट गर्नु पर्नेछ ।

क. शारीरिक परीक्षणः १५ अंकको हुनेछ । दफा ११ (१) र (२) मा तोकिए बमोजिमका शारीरिक योग्यताका आधारमा अंक प्रदान गरिनेछ ।

ख. लिखित परीक्षाः ४० अंकको हुनेछ । जसमा २ अंकको दरले २० वटा वस्तुगत प्रश्नहरु रहनेछन् ।

ग. कार्य अनुभवः ५ अंकको हुनेछ । सम्बन्धित सेवामा जसमा प्रत्येक बर्षको लागि १ अंक प्रदान गरिनेछ । नगर प्रहरी हवल्दार भए पाँच सेवा अवधि पूरा गरी पाँच बर्ष पछाडीका प्रत्येक बर्षको लागि २ अंक प्रदान गरिनेछ ।

घ. स्थानीय वासिन्दाः १५ अंकको हुनेछ । उम्मेद्वार मनहरी गाउँपालिका क्षेत्रको भए १५ अंक, मकवानपुरवासी भए १० अंक र अन्य भएमा ५ अंक प्रदान गरिनेछ ।

ङ. शैक्षिक योग्यताः ५ अंकको हुनेछ । तोकिएभन्दा माथिल्लो शैक्षिक योग्यता भएमा एक अंक र तोकिएकोमा विशिष्ट श्रेणी भएमा ४ अंक, प्रथम श्रेणी भएमा ३ अंक, द्वितीय श्रेणी भएमा २ अंक र तृतीय श्रेणी भएमा १ अंक प्रदान गरिनेछ । अंक सम्बन्धी द्विधा उत्पन्न भएमा मान्यता प्राप्त शैक्षिक संस्थाले तोके बमोजिम अनुशरण गर्ने गरी पदपूर्ति समितिले निर्धारण गर्न सक्नेछ ।

च. अन्तर्वार्ताः ५० अंकको हुनेछ । जसमा बढीमा ३५ र कम्तिमा २० अंकको सीमा भित्र रही अंक प्रदान गर्नु पर्नेछ ।

१५. परीक्षा दस्तुरः (१) दरखास्त पेश गर्ने उम्मेद्वारले आवेदन दिन सकिने अवधि भित्र देहाय बमोजिम परीक्षा दस्तुर गाउँपालिकामा जम्मा गरेको रसिद वा बैंक भौचर पेश गर्नु पर्नेछ ।

| क्र.सं. | पद | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | नगर प्रहरी सहायक निरीक्षक | ५००। | |
| २. | नगर प्रहरी हवल्दार | ४००। | |
| ३. | नगर प्रहरी जवान | ३००। | |

१६. सेवा करार सम्बन्धी व्यवस्था : (१) समितिले खुला प्रक्रियाद्वारा पद पुर्ति हुने पदमा आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई निजहरुको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भै आएको उम्मेदवारलाई गाउँपालिकाको कार्यालयले सेवा करारमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवाका शर्तहरु स्पष्ट उल्लेख गरी सेवा करामा लिने व्यक्तिसँग वढीमा ६ महिनाका लागि सेवा करार सम्झौता गर्नु पर्नेछ ।

(५) सम्झौता बमोजिम सेवा करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकिय अधिकृतले पुनः सम्झौता गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ति हुने व्यक्तिले सम्झौतामा उल्लेख भए बाहेकका अन्य कुनै सुविधा, सहुलियतको दावी गर्न पाउने छैन ।

(७) यस दफा बमोजिम सेवा करारमा नियुक्ति गर्दा तत् तत् पदलाई आवश्यक पर्ने योग्यता समेतलाई आधार लिई नियुक्ति सम्वन्धी कारवाही अगाडी बढाउनु पर्नेछ ।



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती
अध्यक्ष

## परिच्छेद -५

### गाउँपालिका प्रशासन र नगर प्रहरी बीचको सम्बन्ध

**१७, प्रशासनको नियन्त्रणमा रहने** : (१) नगर प्रहरीको अनुशासन र आन्तरिक खटन पटन बाहक समस्त नगर प्रहरी कर्मचारी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) नगर प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी प्रमुखले गर्नेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि सुरक्षा गार्डमा खटिएको कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

**१८. नगर प्रहरी प्रमुख सम्बन्धी व्यवस्था** : १) यस कार्यविधि बमोजिम नियुक्त नगर प्रहरी सहायक निरीक्षकले नगर प्रहरी प्रमुखको कार्य गर्नेछ । यस कार्यविधि बमोजिम नगर प्रहरी सहायक निरीक्षक नियुक्त नहुँदासम्म वा रिक्त रहेको अवधिभर दफा १० को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नियुक्त नगर प्रहरी हवल्दारले नगर प्रहरी प्रमुखको कार्य गर्न सक्नेछ ।

(२) सुरक्षा गार्डमा खटिएको नगर प्रहरी कर्मचारी बाहेक सबै नगर प्रहरी कर्मचारीहरु नगर प्रहरी प्रमुखको मातहतमा रहनेछन । निजको आदेश, निर्देशन तथा खटन पटन अनुसार अन्य नगर प्रहरी कर्मचारीहरु परिचालन हुनेछन ।

(३) नगर प्रहरी प्रमुखको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

(४) प्रशासन शाखा प्रमुखले नगर प्रहरी प्रमुख र सुरक्षा गार्डमा खटिएको नगर प्रहरी कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गर्नु पर्नेछ ।

**१९. दोहोरो जिम्मेवारी दिन सकिने** : यस कार्यविधिको दफा १० को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नगर कार्यपालिकाले नगर प्रहरी हवल्दार पदमा आन्तरिक मूल्याङ्गनद्वारा पदपूर्ति गर्दा सुरक्षा गार्डमा कार्यरत नगर प्रहरी कर्मचारीलाई नियुक्तिको सिफारिस गरेमा यस कार्यविधि बमोजिम नगर प्रहरी सहायक निरीक्षक नियुक्त नहुँदासम्म निजले नगर प्रहरी प्रमुखको कार्यभार सम्हाल्नुको साथै गाउँपालिकाको सुरक्षा गार्ड सम्बन्धी अर्को व्यवस्था नगर्दासम्म सुरक्षा गार्डको कार्य समेत सम्पादन गर्नु पर्नेछ ।

## परिच्छेद-६

### विदा सम्बन्धी व्यवस्था

**२०. विदा अधिकारको कुरा होइन** : (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत, अस्वीकृत गर्न सक्नेछ । निजले विदा बसेको नगर प्रहरीको विदा रद गरी बोलाई काममा लगाउन सक्नेछ ।

**२१, विदा सम्बन्धी व्यवस्था** : नगर प्रहरीले पाउने बिदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । सेवा करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक विदा (पालो मिलाई बस्नुपर्ने बाहेकमा) वाहेक मासिक एक दिन (भैपरी तथा पर्व) बिदा पाउनेछन ।

(३) विदा लिने विधि, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु गाउँपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानून बमोजिम हुनेछ ।

**२२. विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाही** : विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल गरी तलब कट्टी गरीनेछ ।

**२३. झुटो कारण देखाई बिदा बसेमा कारवाही हुने** : झुटो काराण देखाई बिदा बसेको पाईएमा त्यस्तो प्रहरी कर्मचारी सजाँयको भागीदार हुनेछ ।

## परिच्छेद-७
## आचरण

**२४. नगर प्रहरीको आचरण :** नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

(क) आफ्नो कार्यालयको काममा कुने असर पर्ने गरी आफू वा परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृती बिना कोही कसै सँगबाट दान, वक्स पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन ।

(ख) कुने किसिमको चन्दा माग्न वा लिन हुदैन ।

(ग) आफू वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पति खरीद गर्नु पर्दा गाउँपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(घ) आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पति विवरण सेवा प्रवेश गरेको २ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

(ङ) गाउँपालिकाको स्वीकृती बेगर कुनै व्यापार व्यवसाय गर्न पाइनेछैन ।

(च) गाउँपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुने सूचनाहरु गाउँपालिकाको आख्तियारी बिना कोही कसैलाई दिनु हुदैन ।

(छ) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(ज) गाउँपालिकालाई खलल पुर्ने गरी वा गाउँपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन ।

(झ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत मान्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन ।

(ञ) समय पालन वा नियमिततामा नगर प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्नेछ ।

(ट) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ ।

(ठ) आफू भन्दा माथिका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतहरु उपर उचित आदर देखाउनु पर्नेछ।

(ड) आफ्नो मतलव साध्य पार्न कुने अनुचित प्रभाव पार्नु हुदैन ।

(ढ) बहु बिवाह, बाल बिवाह र अनमेल बिवाह गर्नु हुदैन । प्रचलित कानून विपरित हुने गरी विवाह गर्नु गराउनु हुदैन।

(ण) गाउँपालिकाको आलोचना गर्न पाइने छैन ।

## परिच्छेद-८
## सजाँय र पुनरावेदन

**२५. सजाँय :** (१) उचित र पर्याप्त कारण भएमा प्रशासन शाखा प्रमुखको सिफारिसमा नगर प्रहरी कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम सजाँय गर्न सकिनेछ :

(क) लिखित चेतावनी दिने ।

(ख) तलब कट्टा गर्ने ।

(रा) प्रहरी कर्मचारीको लापरबाहीको कारण गाउँपालिकालाई हानी नोक्सानी भएमा त्यसरी नोक्सानी भएको बिगो बराबरको रकम निजलाई भुक्तानी दिनु पर्ने जुनसुकै स्रोत वा अन्य स्रोतबाट सरकारी बाँकी सरह असुल उपर गरीनेछ।



रन्जन कालाखेती
अध्यक्ष

(घ) सेवाबाट बरखास्त गर्ने : नगर – प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनु पर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टिकरण सहित सामान्य प्रक्रियाबाट सजाँय गरी सेवाबाट हटाउन सकिनेछ ।

(ङ) प्रहरी कर्मचारीलाई यस दफा बमोजिम कारबाही गर्नु भन्दा पहिला निजलाई सफाईको मौका दिईनेछ ।

## परिच्छेद-९

## तलब,भत्ता तथा अन्य सुबिधा सम्बन्धी व्यवस्था

**२६. नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकामा सेवा करारमा नियुक्ति हुने नगर प्रहरीको तलब,भत्ता र अन्य सुविधा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम उपलव्ध गराइनेछ । सो वाहेक अन्य सुविधा उपलव्ध हुने छैन ।

(२)नगर कार्यपालिकाले समय समयमा निर्णय गरी थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

(३) नगर प्रहरीलाई तलब सुविधाको अतिरिक्त आवास तथा कार्यालय प्रयोजनको लागि कार्यकक्ष उपलब्ध गराइनेछ ।

**२७. नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले नगर प्रहरी कर्मचारीले लगाउने पोशाकको रंग,किसिम,ड्रेस कोड तोकि दिन सक्नेछ ।

(२) गाउँपालिकाले नगर प्रहरी कर्मचारीलाई वर्षको एक पटक गाउँपालिकाका अन्य कर्मचारीहरुले पाए सरह पोशाक भत्ता उपलब्ध गराउनेछ । यस्तो पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साथै भुक्तानी दिईनेछ ।

(३) यस दफा बमोजिम तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ ।

## परिच्छेद – १०

## बिविध

**२८. तालिम सम्बन्धी व्यवस्था :** (१) नगर प्रहरीलाई आधारभूत तालिमको अतिरिक्त समय समयमा पुनर्ताजकी तालिम उपलव्ध गराइनेछ।

(२) यसरी दिइने तालिमको लागि विज्ञ समुहद्वारा पाठयक्रम तर्जुमा गरी सोही अनुरुप तालिम प्रदान गरिनेछ ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालिम अनिवार्य रुपमा लिनु पर्नेछ ।

(४) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९. चाढ पर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले आफूले आफ्नो धर्म संस्कृति परम्परा अनुसार मनाईने मुख्य चाडपर्वमा खाइपाइ आएको एक महिना बराबरको तलब आर्थिक वर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन् ।

**३०. उमेर हद :** यस कार्यविधिको दफा १३ को उपदफा (५) मा जुनसुकै कुरा उल्लेख भएको भएता पनि नगर प्रहरी कर्मचारीलाई निजको उमेर ५८ वर्ष पुरा भए पछि निजलाई सेवा करारमा निरन्तरता दिईने छैन ।

**३१. यसै कार्यविधि बमोजिम भएको मानिने :** गाउँपालिकामा यो कार्यविधि लागु हुनु भन्दा अगाडि नियुक्त भएका नगर प्रहरी कर्मचारीहरु यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ ।

**३२. बाधा अडकाउ फुकाउने अधिकार :** यस कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अढकाउ आई परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**३३. प्रचलीत कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा प्रचलीत गाउँपालिकाका अन्य कानून तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ ।

**३४. कार्यविधिमा संशोधन :** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ । त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।